भारतीय राजदूतावास
काठमाडौं
*****

**प्रेस विज्ञप्ति**

**नेपाल राष्ट्रिय क्रिकेट टिमलाई क्रिकेट सामाग्री हस्तान्तरण**

भारतीय राजदूतावास काठमाडौंले आज कप्तान रोहित पौडेल नेतृत्वको नेपाल राष्ट्रिय क्रिकेट टोली र नेपाल क्रिकेट संघका कार्यकारी सदस्यहरुका लागि दूतावासमा स्वागत समारोहको आयोजना गर्यो ।

उक्त कार्यक्रममा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले सरिन स्पोर्ट्सबाट खरिद गरिएका २० वटा क्रिकेट ब्याट सहितका व्यावसायिक क्रिकेट सामाग्री नेपाल क्रिकेट संघका अध्यक्ष श्री चतुर बहादुर चन्द र संघका सचिव श्री पारस खड्काको उपस्थितिमा नेपाली क्रिकेट टोलीका कप्तान रोहित पौडेललाई हस्तान्तरण गर्नुभयो । ती सामाग्री बी.पी कोइराला भारत-नेपाल फाउन्डेशन र भारत सरकारको स्वामीत्व रहेको सतलज जलविद्युत निगम (एसजेभीएन) का तर्फबाट भारतीय दूतावासले प्रदान गरेको हो । नेपाली क्रिकेट टोलीले पनि भारतीय राजदूत श्रीवास्तवलाई टोलीले हस्ताक्षर गरेको जर्सी उपहारस्वरुप प्रदान गर्यो।

राजदूत श्रीवास्तवले हालै सम्पन्न एसिया कप र एसियाली खेलकुदमा नेपाली क्रिकेट टोलीको बेजोड प्रदर्शनको प्रशंसा गर्नुभयो । वहाँले क्रिकेट सामाग्रीको हस्तान्तरणले भारत र नेपालबीचको जनता-जनताबीचको सम्बन्धमा नयाँ आयाम थप्ने बताउनुभयो । वहाँले आगामी त्रिदेशीय टी-२० कप फाइनल र यसै महिनाको अन्त्यबाट सुरु हुने आइसीसी टी-२० विश्वकप छनोटका लागि क्रिकेट टोलीलाई शुभकामना दिनुभयो ।

नेपाल क्रिकेट संघका अध्यक्ष श्री चतुर बहादुर चन्द , संघका सचिव श्री पारस खड्का र नेपाली क्रिकेट टोलीका प्रशिक्षक श्री मोन्टी देसाईले भारतीय दूतावास, बी.पी कोइराला भारत-नेपाल फाउन्डेशन र एसजेभीएनलाई धन्यवाद व्यक्त गर्नुभयो । वहाँहरुले क्रिकेट सामाग्रीको हस्तान्तरणसँगै भारतीय दूतावास र नेपाल क्रिकेट संघबीच सहकार्य यात्राको सुरुवात भएको बताउनुभयो ।

भारतीय दूतावास, काठमाडौंले यसअघि सन् २०१३ मा नेपाल क्रिकेट संघलाई बस उपलब्ध गराउनुका साथै बी.पी कोइराला भारत-नेपाल फाउन्डेशनमार्फत नेपाल बहिरा क्रिकेट टोलीलाई सन् २०२३ को अप्रिलदेखि मेसम्म कोलकातामा भएको त्रिदेशीय क्रिकेट टुर्नामेन्टमा सहभागी हुन सहयोग गरेको थियो ।

२०८० कार्तिक ९ गते
काठमाडौं

*****